जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ५७ | २०८३ साल जेष्ठ २९ गते, शुक्रबार | Friday, June.– 12 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## मटिअर्वा नाकाको कबाडभित्र लुकाईएका तस्करीका ११२ बोरा फर्सी बीउ सेटिङमा भारत पुग्यो

*संवाहक सम्वादाता-२७ बैशाख, कलैया*



पर्सा-बारा सीमावर्ती क्षेत्रमा वीरगञ्जबाट मटिअर्वा पुऱ्याएर गोदाममा भण्डारण गरिएको ११२ बोरा चिनियाँ फर्सीको बीउ बुधबार राति भारततर्फ तस्करी गरिएको श्रोतको दाबी छ। भन्सार प्रक्रिया, आन्तरिक चलान तथा भेहिकल एण्ड कन्साइनमेन्ट ट्र्याकिङ सिस्टम (भ्याट्स) मा प्रविष्टि नगरी सामान सीमापार गरिएको दावीसँगै सीमा क्षेत्रमा राजस्व चुहावट र संगठित तस्करी सञ्जाल सक्रिय रहेको विषय पुनः सतहमा आएको छ।

सो गोदाम भारतीय सीमावर्ती मटिअर्वामा नामुद तस्कर मिजामिल र सिम्रौनगढमा अरबिन्द साह समूहसँग सम्बन्धित व्यक्तिको नियन्त्रणमा रहेको दाबी समेत गरिएको छ। यति मात्रै नभई भोलाको कपडा र खेन्नाको काजु किसमिस कपडा खाद्यान्न लगायतका अबैध कारोबार द्रुत गतिमा अवरोध बिना व्यापक रुपमा मौलाएको छ।

यसैबीच, मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियाले उक्त विषयलाई 'राजस्वको म्याटर' भएको प्रतिक्रिया दिँदै आफ्नो कार्यक्षेत्र बाहिरको विषय भएको टिप्पणी गरेको दाबी सार्वजनिक भएको छ। उक्त भनाइपछि सीमा सुरक्षामा प्रहरी प्रशासनको भूमिका र संवेदनशीलतामाथि प्रश्न उठेको स्थानीयको आरोप छ।

घटनासँगै बाराका सुरक्षा कमाण्डरले 'हरियो झण्डा' (लाइन क्लियर) दिएपछि सामान सीमापार गरिएको आरोपसमेत लगाइएको छ। मटिअर्वा क्षेत्रमा लामो समयदेखि कृषि सामग्री तथा कबाडजन्य वस्तुको आवरणमा अवैध कारोबार हुने गरेको दाबी पनि स्थानीयले गरेका छन्।

कानुनी दृष्टिले यस्तो गतिविधिलाई राजस्व चुहावट (नियन्त्रण तथा अनुसन्धान) ऐन, २०५२ अन्तर्गत गम्भीर कसुर मानिन्छ। उक्त

बाँकी तेस्रो पृष्ठमा

## रौतहट सीमामा ठूलो अपरेशन : ९० लाखको फर्सीको बिउ बरामद, प्रहरीको गोली र अश्रुग्यासपछि अवस्था तनावग्रस्त

*संवाहक सम्वादाता-२७ बैशाख, कलैया*





नेपाल-भारत सीमावर्ती क्षेत्रमा अवैध व्यापार नियन्त्रणका लागि सुरक्षा निकायले सञ्चालन गरेको विशेष अपरेशनका क्रममा करिब ९० लाख रुपैयाँभन्दा बढी मूल्यको फर्सीको बिउ बरामद भएको छ। बरामद प्रक्रियाका क्रममा स्थानीयसँग झडप हुँदा प्रहरीले अश्रुग्यास र चेतावनीस्वरूप गोली चलाउनुपरेको घटनाले सीमावर्ती क्षेत्र केही समय तनावग्रस्त बनेको थियो। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार बुधबार साँझ प्राप्त गोप्य सूचनाका आधारमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीले बौधीमाई नगरपालिका-७ स्थित बंकुल टोलमा छापा मारेको थियो। सीमाबाट भारततर्फ लैजान तयारी अवस्थामा त्रिपालले ढाकेर राखिएको ठूलो परिमाणको फर्सीको बिउ फेला परेपछि सुरक्षा टोलीले नियन्त्रणमा लिने प्रक्रिया अघि बढाएको थियो।

प्रहरीले घटनास्थलबाट ३२२ बोरा फर्सीको बिउ बरामद गरेको जनाएको छ। कुल १२ हजार ८८० किलोग्राम तौल रहेको उक्त बिउको बजार मूल्य करिब ९० लाख १६ हजार रुपैयाँ बराबर रहेको अनुमान गरिएको छ। बरामद सामग्री थप कानुनी कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौर पठाइएको छ।

प्रहरीका अनुसार सामान नियन्त्रणमा लिने क्रममा केही

बाँकी तेस्रो पृष्ठमा

## सुन्दरपुर दुर्घटनाको पर्दाफास : चार दिनपछि टिप्पर चालक पक्राउ

*रौतहट, जेठ २८ –*



रौतहटको गढीमाई नगरपालिका-४ सुन्दरपुर चोकमा चार दिनअघि भएको घातक सवारी दुर्घटनाको रहस्य खुलेको छ। दुर्घटनापछि फरार रहेका टिप्पर चालक पक्राउ परेसँगै घटनाबारे नयाँ तथ्य सार्वजनिक भएको प्रहरीले जनाएको छ।

जेठ २४ गते राति करिब १ बजे गरुडा-समनपुर सडकखण्ड अन्तर्गत सुन्दरपुर चोकमा साइकलमा घर फर्किरहेका गढीमाई नगरपालिका-९ मलाहीका ३५ वर्षीय प्रमोद सहनीलाई प्रदेश-२-०३-००१ ख २६३३ नम्बरको टिप्परले ठक्कर दिँदा घटनास्थलमै उनको मृत्यु भएको थियो।

दुर्घटनापछि सवारीसहित फरार रहेका चालकको खोजीका लागि प्रहरीले व्यापक अनुसन्धान थालेको थियो। सो क्रममा १९ वटा टिप्पर र १७ भन्दा बढी चालकलाई नियन्त्रणमा लिएर सोधपुछ गरिएको थियो।

अनुसन्धानका क्रममा बृन्दावन नगरपालिका-२ निवासी २४ वर्षीय अब्दुल एजाजलाई प्रहरीले पक्राउ गरेको हो। इलाका प्रहरी कार्यालय गरुडाका अनुसार प्रारम्भिक

बाँकी तेस्रो पृष्ठमा

## रानीघाट मठको ७ कठ्ठा १५ धुर जग्गा सार्वजनिक कायम गर्न अदालतको आदेश

*संवाहक सम्वादाता-२७ बैशाख, कलैया*



पर्सा जिल्ला अदालतले वीरगञ्ज महानगरपालिका-११ रानीघाटस्थित रामजानकी मठ परिसरभित्र रहेको ७ कट्ठा १५ धुर जग्गा सार्वजनिक कायम गर्न आदेश दिएको छ। लामो समयदेखि विवादमा रहेको उक्त जग्गाबारे अदालतले सार्वजनिक पक्षको दाबीलाई सदर गर्दै फैसला सुनाएको हो।

न्यायाधीश माधवप्रसाद घिमिरेको एकल इजलासले कित्ता नम्बर ३७ को उक्त जग्गामाथि निजी स्वामित्व दाबी गर्दै प्रदीपकुमार रौनियारले दायर गरेको पाँच वटा मुद्दा खारेज गरेको छ। साथै जग्गा सार्वजनिक कायम गर्न माग गर्दै दायर गरिएका नौ वटा मुद्दामा दाबी पुग्ने ठहर गरेको छ।

अधिवक्ता दिननाथ प्रसाद साहका अनुसार जग्गा खिचलो तथा स्वामित्व विवादसँग सम्बन्धित १४ वटा मुद्दाको संयुक्त सुनुवाइपछि अदालतले उक्त निर्णय सुनाएको

बाँकी तेस्रो पृष्ठमा

## तराई-मधेसमा मेघगर्जनसहित वर्षाको सम्भावना, केही स्थानमा भारी वर्षा हुने चेतावनी

*काठमाडौं । जेठ, २८-*

उपल्लो वायुमण्डलमा सक्रिय पश्चिमी न्यूनचापीय प्रणाली तथा स्थानीय वायुको प्रभावका कारण देशभर आंशिकदेखि सामान्य बदलीको अवस्था देखिए पनि यसको मुख्य असर तराई-मधेस क्षेत्रमा पर्ने भएको छ। जल तथा मौसम विज्ञान विभागले बिहीबार मधेस प्रदेशसहित तराई भू-भागका विभिन्न स्थानमा मेघगर्जन तथा चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ।

मौसम पूर्वानुमान महाशाखाका अनुसार आज दिउँसो र राति मधेस प्रदेशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुन सक्नेछ। केही स्थानमा भने भारी वर्षासमेत हुने सम्भावना रहेको विभागले जनाएको छ। कोसी, बागमती, लुम्बिनी तथा मधेस प्रदेशका एक-दुई स्थानमा भारी वर्षा हुन सक्ने भएकाले डुबान, जलजमाव तथा चट्याङको जोखिम बढ्न सक्ने चेतावनी दिइएको छ।

विभागका अनुसार २४ घण्टाभित्र १० मिलिमिटरभन्दा कम वर्षा भए हल्का, १० देखि ५० मिलिमिटरसम्म मध्यम, ५० देखि १०० मिलिमिटरसम्म भारी वर्षा मानिन्छ। त्यस्तै १०० देखि २०० मिलिमिटरसम्म धेरै भारी र २०० मिलिमिटरभन्दा बढी वर्षा भए अति भारी वर्षा मानिने व्यवस्था रहेको छ। त्यस्तै, मौसमविद्का अनुसार 'एक-दुई स्थान' भन्नाले १० प्रतिशतभन्दा कम भू-भागमा वर्षा हुने सम्भावना जनाउँछ भने 'थोरै

बाँकी तेस्रो पृष्ठमा

## भिमफेदीमा फास्ट ट्र्याक आयोजनाको पिकअप दुर्घटना : चालकसहित दुई जनाको मृत्यु

*मकवानपुर, जेठ २८ –*



मकवानपुरको भिमफेदी गाउँपालिका-८ बैदमारस्थित भित्री सडक खण्डमा फास्ट ट्र्याक आयोजनामा प्रयोग हुँदै आएको पिकअप गाडी दुर्घटना हुँदा चालकसहित दुई जनाको मृत्यु भएको छ।

बा.प्र.०१-०३३ च २१४४ नम्बरको पिकअप गाडी अनियन्त्रित भई करिब १०० फिट तल खोल्सामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

दुर्घटनामा सिन्धुलीको कमलामाई नगरपालिका-९ भिमान निवासी करिब ४२ वर्षीय चालक बोधराज बुढाथोकी र फास्ट ट्र्याक आयोजनामा कार्यरत बारा पचरौता नगरपालिका-७ निवासी २१ वर्षीय इन्जिनियर सूर्य यादवको मृत्यु भएको हो।

प्रहरीका अनुसार दुर्घटनापछि सुरक्षाकर्मी तथा स्थानीय बासिन्दाको सहयोगमा उद्धार प्रयास गरिएको थियो। तर खोल्सामा खसेर गम्भीर घाइते भएका दुवै जनालाई जोगाउन नसकिएको प्रारम्भिक विवरणमा उल्लेख छ।

घटनाको वास्तविक कारण अझै खुल्न सकेको छैन। सडकको

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय ........

### तस्करी, असुली र राज्य संयन्त्रप्रतिको चुनौती

बाराको मटिअर्वा नाकादेखि कलैया बजारसम्म फैलिएको कथित तस्करी सञ्जाल र त्यससँग जोडिएका असुलीका आरोपहरूले सीमा सुरक्षा, राजस्व प्रशासन तथा कानुनी शासनमाथि गम्भीर प्रश्न खडा गरेका छन्। स्थानीय तहमा उठिरहेका आरोपहरू केवल अवैध सामानको ओसारपसारमा सीमित छैनन्, बरु यसले राज्यका जिम्मेवार निकायहरूको कार्यक्षमता र जवाफदेहितामाथि समेत बहस सुरु गराएको छ। नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै चिनियाँ फर्सीको बीउ, काजु-किसमिस, कपडा, किराना तथा कबाडजन्य सामग्रीको अवैध कारोबार भइरहेको दाबी गरिएको छ। यदि यस्ता गतिविधि वास्तवमै भइरहेका छन् भने यसबाट राज्यले दैनिक रूपमा ठूलो राजस्व गुमाइरहेको स्पष्ट छ। राजस्व चुहावटले सरकारी आम्दानीमा असर पार्नुका साथै वैध व्यवसाय सञ्चालन गर्ने व्यापारीहरूलाई समेत असमान प्रतिस्पर्धाको मारमा पार्छ। झन् चिन्ताको विषय भनेको तस्करीलाई सहज बनाउन सुरक्षा संयन्त्रकै केही व्यक्तिहरू संलग्न रहेको आरोप हो। स्थानीय स्रोतहरूले 'घुमुवा' प्रहरी, स्कटिङ प्रणाली तथा मासिक असुलीको नेटवर्क सक्रिय रहेको दाबी गरेका छन्। यस्ता आरोप सत्य भएमा यो केवल व्यक्तिगत भ्रष्टाचारको विषय मात्र रहँदैन, बरु राज्यको सुरक्षा संरचनामै संस्थागत विकृति मौलाएको संकेत मान्नुपर्ने हुन्छ। यद्यपि प्रहरी प्रशासनले यस्ता आरोपहरू अस्वीकार गर्दै नियमित चेकिङ, संयुक्त गस्ती र निगरानी भइरहेको दाबी गरेको छ। तर स्थानीय स्तरमा सार्वजनिक भएका भिडियो, तस्बिर तथा प्रत्यक्षदर्शीका भनाइहरूले भने प्रशासनिक दाबीमाथि प्रश्न उठाइरहेका छन्। यस्ता विरोधाभासी दाबीहरूको सत्यता पत्ता लगाउने जिम्मेवारी सम्बन्धित निकायको हो। सीमा व्यवस्थापन केवल सुरक्षा निकायको मात्र विषय होइन; यो राष्ट्रिय अर्थतन्त्र, सुशासन र जनविश्वाससँग प्रत्यक्ष जोडिएको सवाल हो। तस्करी मौलाउनुको अर्थ राज्यको नियन्त्रण कमजोर हुनु हो। त्यसैले आरोपलाई सामान्य हल्ला ठानेर बेवास्ता गर्नु समाधान होइन। बरु निष्पक्ष, स्वतन्त्र र उच्चस्तरीय छानबिनमार्फत वास्तविकता सार्वजनिक गरिनुपर्छ। मटिअर्वा नाका र कलैया क्षेत्रका घटनाक्रमले एउटा स्पष्ट सन्देश दिएका छन्–सीमामा हुने अवैध कारोबार नियन्त्रणका लागि कागजी प्रतिबद्धता मात्र पर्याप्त हुँदैन। पारदर्शी निगरानी, कठोर कानुनी कारबाही र सुरक्षा संयन्त्रभित्रको जवाफदेहिता सुनिश्चित नगरेसम्म तस्करी र भ्रष्टाचारको जालो तोड्न सम्भव छैन।

# निर्वाचन सुधारको मार्गचित्र



निर्वाचनमा प्रतिस्पर्धा गरिसकेपछि जनता नै जनार्दन हुन्; उनीहरूले दिने मतादेश नै प्रतिस्पर्धामा उत्रिएकाहरूको अमूल्य निधि हो भन्ने महसुस सबै पक्षले गरेका छन् । निर्वाचनको निष्ठा अभिवृद्धिका लागि आयोगले गर्ने कानुनी, नीतिगत एवं संरचनागत व्यवस्थाप्रति यसका सरोकारवाला पक्ष इमानदार हुन सक्ने हो भने हामी पनि विश्वलाई देखाउनलायक निर्वाचन सम्पन्न गर्न सक्छौं भन्ने पुष्टि भएको छ ।



डा. जानकीकुमारी तुलाधर

कुनै पनि निर्वाचनको मिति तोकिएपश्चात् त्यसको अन्तिम परिणाम घोषणा र निर्वाचन प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस नगरुन्जेलसम्म निर्वाचन आयोग सर्वाधिक व्यस्त हुने गर्छ। निर्वाचन अवधिमा सरोकारवाला सम्पूर्ण पक्षको ध्यान आयोगका गतिविधिमै हुने गर्छ । बाहिरबाट सामान्य रूपमा हेर्दा निर्वाचन अवधिमा मात्र निर्वाचन आयोगको कार्यचाप बढी हुने जस्तो देखिए पनि आयोगले एउटा निर्वाचन सम्पन्न गर्न लामो समयदेखि तयारीका विभिन्न कार्य निरन्तर रूपमा गरिरहेको हुन्छ ।

एउटा निर्वाचनपछि अर्को आवधिक निर्वाचनका लागि पाँच वर्षको अवधि हुन्छ । राजनीतिक परिस्थिति जुनसुकै बेला बदलिन सक्ने र त्यसबाट निर्वाचन गर्नुपर्ने अवास्था आइलाग्यो भने आयोगसँग 'मैले केही तयारी गरेको छैन, निर्वाचन गर्न सकिँदैन' भन्ने सुविधा हुँदैन । घोषित भएका निर्वाचन आयोगका कारण धकेलिएको वा हुन नसकेको उदाहरण आयोगसँग छैन ।

आयोगले एउटा निर्वाचन सम्पन्न भइसकेपछि अर्को निर्वाचनको तयारीको सिलसिलामा निर्वाचन कानुनको परिमार्जन तथा सुधार, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, मतदान स्थल पुनरवलोकन, सङ्गठनात्मक सुदृढीकरण, निर्वाचन व्यवस्थापन सुधार, अनुसन्धान तथा तालिम, राजनीतिक दल र सरोकारवालासँग सहकार्यलगायत कार्य निरन्तर रूपमा गरिरहेको हुन्छ ।

विसं २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनपछि आयोग निर्वाचनपश्चात् गर्नुपर्ने कार्यमा व्यस्त छ । यसै क्रममा आयोगले छ वटा प्रदेश र केन्द्रीय तहमा निर्वाचन समीक्षा कार्यशाला हालै सम्पन्न गरेको छ । निर्वाचन सम्पन्न भएपछि आयोगले गर्ने कार्यमा निर्वाचन समीक्षा महत्वपूर्ण कार्य हो । निर्वाचन मिति घोषणादेखि अन्तिम परिणामसम्मको अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा भएका क्रियाकलापको गम्भीर परीक्षण गरी निष्कर्ष निकाल्न निर्वाचन समीक्षा गरिन्छ। निर्वाचन समीक्षामा समग्र निर्वाचन कार्यक्रम र प्रक्रियामा के कस्ता असल अभ्यास भए, के कस्ता विषयमा कमीकमजोरी रहे, के कस्ता सिकाइ र उपलब्धि भए एवं आगामी निर्वाचनमा के कस्तो सुधार गर्नुपर्ने हुन्छ भन्ने विषयमा निर्वाचन सरोकारवालासित अन्तर्क्रिया तथा छलफल गरिन्छ।

निर्वाचन समीक्षाका क्रममा निर्वाचन आयोग, निर्वाचन अधिकृत, सुरक्षा निकाय, मतदान अधिकृत एवं पर्यवेक्षण संस्थाको भूमिका महत्वपूर्ण हुन्छ। मतदाता, राजनीतिक दल, उम्मेदवार, सञ्चार माध्यम, निर्वाचनमा संलग्न व्यक्ति, सङ्घसंस्था, निजी क्षेत्रलगायत आमनागरिकको समेत सहभागितामा निर्वाचन समीक्षा गर्ने गरिन्छ । समीक्षाका लागि विषयगत क्षेत्र निर्धारण महत्वपूर्ण हुन्छ। सामान्यतः निर्वाचन समीक्षा गर्दा प्रतिकूल कानुनी व्यवस्था, मतदाता नामावली र परिचयपत्र, मतदान स्थल तथा केन्द्रहरूको पुनरवलोकन, राजनीतिक दल दर्ता तथा निर्वाचनमा दलको सहभागिता, प्रचारप्रसारको अवस्था, निर्वाचन खर्चको सीमा र त्यसको पालना, आचारसंहिता कार्यान्वयन, मतदाता शिक्षा र सहभागिता, निर्वाचन कार्यक्रम र उम्मेदवारीको अवस्था, मतदान, मतपेटिका सङ्कलन, मतगणना र परिणाम घोषणा, निर्वाचन पर्यवेक्षण र अनुगमनलगायतका विषयमा सरोकारवालाबिच गम्भीर समीक्षा गर्ने गरिन्छ ।

हालै सम्पन्न निर्वाचन समीक्षामा निर्वाचन व्यवस्थापन, निर्वाचन योजना, सञ्चालन तथा निर्वाचन स्रोत सामग्री व्यवस्थापन, मतदाता शिक्षा, तालिम तथा निर्वाचनमा समावेशिता, निर्वाचन कानुन तथा आचारसंहिता एवं समन्वय र निर्वाचन प्रविधि तथा सूचना व्यवस्थापन मुख्य विषय अन्तर्गत रहेर समीक्षा गरिएको थियो । निर्वाचन व्यवस्थापन तथा समन्वय अन्तर्गत मतदाता नामावली तथा अस्थायी मतदाता नामावली, उम्मेदवार मनोनयन, मतदान स्थल र केन्द्र, मतदान प्रक्रिया, मतगणना तथा मतपरिणाम घोषणा र बदर मतको प्रकृति र मत बदर हुनुका कारणबारे सरोकारवालासँग गहिरो समीक्षा गरिएको थियो। निर्वाचन योजना, सञ्चालन, निर्वाचन स्रोत सामग्री व्यवस्थापन अन्तर्गत मतदाता शिक्षा, निर्वाचनसम्बन्धी तालिम, निर्वाचन अनुगमन तथा पर्यवेक्षण, मतदान तथा मतदाता सहभागिता, निर्वाचनमा समावेशीकरणको अवस्था, जनशक्ति व्यवस्थापन, वित्तीय व्यवस्थापनलगायतका विषयमा समीक्षा गरिएको थियो ।

यसै गरी निर्वाचन सुरक्षा व्यवस्थापन अन्तर्गत मतपत्र व्यवस्थापन, निर्वाचन कानुन तथा आचारसंहिता एवं समन्वयबारे समीक्षा गरिएको थियो। निर्वाचन प्रचारप्रसार र खर्च, निर्वाचन प्रविधि तथा सूचना व्यवस्थापनका विषयमा पनि समीक्षा गरिएको थियो ।

#### मानक स्थापित गर्न सफल

विसं २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचन आवधिक रूपमा भएको निर्वाचन थिएन । २०८२ भदौ २३ को जेनजी विद्रोह र त्यसकै कारण २४ गतेको घटनापछि विकसित भएको विषम परिस्थितिमा भएको आकस्मिक निर्वाचन थियो। निर्वाचनको मिति तोक्दा आयोगसँग कुनै परामर्श पनि गरिएको थिएन । निर्वाचन हुनेमा नै संशय र सुरक्षा चुनौती थियो। यस्तो परिस्थितिमा पनि आयोगले सरोकारवाला सबै पक्षलाई समेटेर आफ्नो संवैधानिक दायित्व एवं कर्तव्य कुशलतापूर्वक सम्पन्न गर्न सफल भएको छ। पुराना र नयाँ राजनीतिक शक्तिबिच चुनावी प्रतिस्पर्धाका लागि सौहार्द वातावरण निर्माण गर्न सफल भएको, सुरक्षाको अवस्था बलियो बनाउन सुरक्षा निकाय, सरकार र सरोकारवालसँग खेलेको भूमिका एवं आयोगले आफूलाई अलिकता पनि विचलित हुन् नदिई निर्वाचन सम्पन्न गराएको सर्वविदितै छ । चुनौतीका चाङबिच सम्पन्न भएको निर्वाचनबाट केही ऐतिहासिक मानक स्थापित भएका छन् ।

उच्च सुरक्षा चुनौतीबिच सम्पन्न भएको निर्वाचन अभूतपूर्व रूपमा शान्तिपूर्ण रह्यो । एकै चरणमा सम्पन्न निर्वाचनमा कुनै पनि मतदान स्थलमा पुनः मतदान गर्नुपर्ने अवस्था आएन। कतै पनि मतदान बिथोल्ने कोसिस गरिएन । आममतदाता एवं सरोकारवाला सबैले उच्च लोकतान्त्रिक आचरण र व्यवहार प्रदर्शन गरेका कारण निर्वाचनको निष्ठा अझै अभिवृद्धि भएको छ। आममतदाताको अमूल्य मतको सबै पक्षबाट सम्मान गरिएको छ। निर्वाचनमा प्रतिस्पर्धा गरिसकेपछि जनता नै जनार्दन हुन्; उनीहरूले दिने मतादेश नै प्रतिस्पर्धामा उत्रिएकाहरूको अमूल्य निधि हो भन्ने महसुस सबै पक्षले गरेका छन् । निर्वाचनको निष्ठा अभिवृद्धिका लागि आयोगले गर्ने कानुनी, नीतिगत एवं संरचनागत व्यवस्थाप्रति यसका सरोकारवाला पक्ष इमानदार हुन सक्ने हो भने हामी पनि विश्वलाई देखाउनलायक निर्वाचन सम्पन्न गर्न सक्छौं भन्ने पुष्टि भएको छ ।

#### समीक्षाबाट आएका सुझाव

निर्वाचन समीक्षाका क्रममा आयोगलाई यथेष्ट पृष्ठपोषण प्राप्त भएका छन्। यी पृष्ठपोषणलाई लिपिबद्ध गरी आयोगले आगामी निर्वाचनमा क्रमशः लागु गर्दै जाने छ। मतदाता नामावली शुद्धाशुद्धिको विषय, मतदानको दिन यातायात सञ्चालनका सम्बन्धमा, फरक क्षमता भएका मतदातालाई मतदानमा अझै सहज पहुँच बनाउने, मतदान केन्द्रहरूमा खानेपानी, शौचालय एवं प्राथमिक उपचार सेवा पर्याप्त र उपलब्धता हुनुपर्ने सुझाव समीक्षाका क्रममा आएका छन् ।

यसै गरी निर्वाचन आचारसंहिता उल्लङ्घनका छिटपुट घटना भएका, समावेशी, पहुँचयोग्य र लक्षित मतदाता शिक्षा सामग्री अझै कमी रहेको, भ्रामक तथा गलत सूचनाको पूर्ण रूपमा नियन्त्रण हुन नसकेको, मतगणना तथा निर्वाचन परिणाम सार्वजनिक गर्ने कार्यमा ढिलाइ भएको भन्दै समीक्षाका क्रममा यसमा सुधार गर्नुपर्ने सुझाव प्राप्त भएका छन्। विदेशमा रहेका मतदाता नागरिकको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधिक कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदानलगायत विषयमा एकीकृत कानुन तर्जुमा गर्नुपर्ने सुझाव पनि दिइएको छ । मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अझ घटाउनुपर्ने, निर्वाचन कानुन तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव पनि समीक्षाका क्रममा आएका छन् । निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रूपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्तामा धरौटी जम्मा नगदमा नभई डिजिटल माध्यमबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैङ्किङ प्रणालीबाट भए/नभएको अनुगमन गरिनुपर्ने सुझाव आएको छ । आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको छ ।

#### आयोगको प्रयास र प्रतिबद्धता

मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले निरन्तर कार्य गरिरहेको छ। मतदानस्थल पुनरवलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ । आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील छ। निर्वाचन समीक्षा कार्यशालाबाट प्राप्त सुझावसमेत समेटी निर्वाचन व्यवस्थापनसम्बन्धी एकीकृत विधेयकलाई सङ्घीय संसद्बाट पारित गराउन आयोगले निरन्तर पैरवी गर्ने छ। मतपत्रमा 'माथिका कुनै पनि होइन' (नोटा), विदेशमा रहेका नेपाली नागरिकबाट मतदान, इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग, निर्वाचन क्यालेन्डर आदिका बारेमा प्राप्त भएका सुझावलाई आयोगले सरकारसँग छलफल गरेर अघि बढाउने छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## सुरु हुँदै फुटबल महाकुम्भ

**काठमाडौं, जेठ २८ गते ।**

विश्वकै सबभन्दा लोकप्रिय खेल फुटबलको महाकुम्भ बिहीबार मध्यराति सुरु हुँदै छरु। अहिले विश्वकपको ज्वरोबाट सबै रन्किएका छन्रु। विश्वकप खेल्ने मात्र होइन, विश्वकपमा उपस्थित नभएका देश पनि बिनाभेदभाव आआफ्नो टिमको समर्थन गर्नमा व्यस्त हुने छन्। नेपाल यसबाट अछुतो हुने कुरै भएनरु। नेपाल पनि अहिले विश्वकपमय भइसकेको छरु।

विश्वभरका फुटबल समर्थक अहिले नै आफूलाई मनपर्ने फुटबल टिमको टिसर्ट लगाएर अथवा खेलाडीहरूको शैली 'कपी' गरेर विश्वकपको यस पर्वमा मस्त




भइसकेका छन्रु। नेपालका ठूलासाना सहरका पसलमा आआफ्ना मनपर्ने टिमको जर्सी खरिद गर्ने बढेका छन्। होटल र रेस्टुरेन्टहरू पनि यस अवसरमा विशेष योजना बनाइरहेका छन्रु।

## वृन्दावन मेयर कप क्रिकेट प्रतियोगितामा वडा नं. ४ को शानदार जीत

**प्रदीप सम्राट, रौतहट । जेठ २८ गते, बुधबार ।**

वृन्दावन नगरपालिकाको आयोजनामा सञ्चालन भइरहेको नगर स्तरीय मेयर कप क्रिकेट प्रतियोगिता-२०८३ अन्तर्गत आज सम्पन्न रोमाञ्चक खेलमा वडा नं. ४ ले उत्कृष्ट प्रदर्शन गर्दै वडा नं. ५ माथि ३३ रनको प्रभावशाली जित दर्ता गरेको छ।

नगर प्रमुख बिनोद प्रसाद कुर्मीद्वारा उद्घाटन गरिएको यस प्रतिष्ठित प्रतियोगिताले नगरभित्र रहेका खेलाडीहरूको प्रतिभा उजागर गर्नुका साथै युवाहरूमा खेलप्रतिको आकर्षण बढाउने अपेक्षा गरिएको छ। प्रतियोगिताको प्रत्येक खेलमा खेलाडीहरूले उत्साहजनक प्रदर्शन गरिरहेका छन् भने दर्शकहरूको उल्लेखनीय उपस्थितिले प्रतियोगितालाई थप रौनक प्रदान गरेको छ।

खेलकुद संयोजक किशोरी पटेलका अनुसार आजको खेलमा वडा नं. ४ ले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको थियो। निर्धारित ओभरमा संयमित तथा जिम्मेवार ब्याटिङ प्रदर्शन गरेको वडा नं. ४ ले १४ ओभर ४ बलमा सबै विकेट गुमाउँदै १ सय रनको सम्मानजनक योगफल तयार गरेको थियो। वडा नं. ४ का ब्याट्सम्यानहरूले सुरुदेखि नै धैर्यतापूर्वक खेल्दै टोलीलाई प्रतिस्पर्धात्मक स्कोरसम्म पुर्‍याएका थिए।





१०१ रनको लक्ष्य पछ्याउँदै मैदानमा उत्रिएको वडा नं. ५ ले सुरुआती चरणदेखि नै दबाबको सामना गर्नुपरेको थियो। वडा नं. ४ का बलरहरूले कसिलो बलिङ गर्दै विपक्षी टोलीलाई खुलेर खेल्ने अवसर दिएनन्। नियमित अन्तरालमा विकेट गुमाएको वडा नं. ५ को टोली १४ ओभर ३ बलमा अलआउट हुँदै केवल ६३ रनमै सीमित हुन पुग्यो।

वडा नं. ४ का खेलाडीहरूले ब्याटिङसँगै बलिङ र फिल्डिङमा समेत उत्कृष्ट प्रदर्शन गर्दै खेल आफ्नो पक्षमा पार्न सफल भएका थिए। फलस्वरूप वडा नं. ४ ले ३३ रनको महत्वपूर्ण जित हासिल गर्दै प्रतियोगिताको अर्को चरणतर्फ बलियो दाबेदारी प्रस्तुत गरेको छ। आजको खेलमा व्यक्तिगत रूपमा उत्कृष्ट प्रदर्शन गरेका प्रभु पटेललाई "म्यान अफ द म्याच" घोषित गरिएको थियो। उनले आफ्नो उत्कृष्ट खेल कौशलमार्फत टोलीको जितमा महत्वपूर्ण योगदान पुर्‍याएका थिए। म्यान अफ द म्याच घोषित भएका प्रभु पटेललाई आयोजक टोलीका तर्फबाट युवा नेता धर्मेन्द्र पटेलले मायाको चिनो प्रदान गर्दै सम्मान गर्नुभएको थियो।

प्रतियोगिताले वृन्दावन नगरपालिकाभित्र खेल संस्कृतिको विकास, अनुशासन, भाइचारा तथा युवाहरूमा सकारात्मक ऊर्जा प्रवाह गर्ने विश्वास व्यक्त गरिएको छ। आयोजकका अनुसार आगामी दिनमा पनि प्रतियोगिताका थप प्रतिस्पर्धात्मक र रोमाञ्चक खेलहरू सञ्चालन हुनेछन्, जसले खेलप्रेमी दर्शकहरूलाई भरपूर मनोरञ्जन प्रदान गर्ने अपेक्षा गरिएको छ

## रौतहट...

व्यक्तिले विरोध गर्दै सुरक्षा टोलीमाथि ढुंगामुढा गरेका थिए। त्यसपछि स्थिति नियन्त्रणबाहिर जान थालेपछि प्रहरीले ६ राउन्ड अश्रुग्यास प्रहार गरेको थियो भने चेतावनीस्वरूप केही राउन्ड गोलीसमेत चलाएको जनाएको छ। घटनामा तीन जना स्थानीय बासिन्दा र तीन जना प्रहरी कर्मचारी गरी ६ जना सामान्य घाइते भएका छन्। घाइतेहरूको उपचार भइरहेको र सबैको अवस्था सामान्य रहेको जनाइएको छ।

जिल्ला प्रहरी प्रमुख एसपी सिताराम रिजालले सीमावर्ती क्षेत्रमा हुने तस्करी नियन्त्रणलाई प्राथमिकतामा राखेर निगरानी बढाइएको बताए। उनले अवैध ओसारपसारमा संलग्न व्यक्तिहरूको पहिचान तथा नेटवर्कबारे थप अनुसन्धान जारी रहेको जानकारी दिए।

पछिल्लो समय रौतहट-बारा क्षेत्र हुँदै ठूलो परिमाणमा फर्सीको बिउ भारततर्फ तस्करी हुने गरेको सुरक्षा निकायको दाबी छ। भारतमा स्वास्थ्यवर्द्धक खाद्य सामग्रीका रूपमा यसको माग बढेसँगै अवैध कारोबार पनि मौलाउन थालेको अधिकारीहरूको भनाइ छ। यसअघि पनि भारतीय सीमा सुरक्षा बल ( एसएसबी) ले घोडासहन क्षेत्रमा नेपालबाट अवैध रूपमा लैजाँदै गरिएको करिब ७० लाख रुपैयाँ बराबरको फर्सीको बिउ बरामद गरेको थियो। पछिल्लो घटनाले सीमावर्ती क्षेत्रमा सक्रिय तस्करी सञ्जालको आकार र प्रभावबारे पुनः बहस सुरु गराएको छ।

## रानीघाट...

हो। विवादित जग्गा वर्षौंदेखि व्यक्तिको कब्जामा रहेको भन्दै स्थानीयवासी तथा सरोकारवालाहरूले सार्वजनिक सम्पत्ति संरक्षणको माग गर्दै आएका थिए।

मुद्दामा रौनियार पक्षका तर्फबाट अधिवक्ताहरू मोहम्मद नौसाद, पन्नालाल गुप्ता, जोगिन्द्र यादव र सन्तोष श्रीवास्तवले बहस गरेका थिए भने सार्वजनिक पक्षका तर्फबाट अधिवक्ता दिननाथ प्रसाद साहले पैरवी गरेका थिए।

## भिमफेदीमा ...

अवस्था, सवारीको गति तथा अन्य प्राविधिक पक्षलाई आधार बनाएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

फास्ट ट्र्याक आयोजनामा कार्यरत प्राविधिकको मृत्यु भएपछि घटनाले आयोजना क्षेत्रमा शोकको माहोल सिर्जना गरेको छ। प्रहरीले थप अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया अघि बढाइरहेको छ।

## सुन्दरपुर...

बयानमा उनले दुर्घटनामा आफ्नो संलग्नता स्वीकार गरेका छन्।

प्रहरीका अनुसार एजाज शिवम् क्रसर उद्योगबाट ढुंगा बोकेर गरुडातर्फ जाँदै गर्दा साइकलमा सवार सहनीलाई ठक्कर दिएका थिए। दुर्घटनापछि उनी घटनास्थलबाट फरार भएका थिए। प्रहरीले पक्राउ परेका चालकविरुद्ध सवारी ज्यान सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान अघि बढाएको जनाएको छ।

घटनापछि आक्रोशित स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी कारबाहीको माग गर्दै सडक अवरुद्ध गरेका थिए। प्रहरीको आश्वासनपछि अवस्था सामान्य बनेको थियो।

चार दिनसम्म अन्योलमा रहेको घटनाको पर्दाफाससँगै मृतकका परिवारले दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेका छन्।

## बेलुनजस्तै ...

युवाको रोजगारीलाई लिएर पनि उनले सरकारको आलोचना गरे। नेपालमा बेरोजगारी बढिरहेका बेला युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने ठोस कार्यक्रम बजेटमा नदेखिएको भन्दै उनले वैदेशिक रोजगारीप्रतिको निर्भरता अझ बढ्न सक्ने चेतावनी दिए।

सांसद सिंहले बढ्दो व्यापार घाटा, रेमिट्यान्समा आधारित अर्थतन्त्र र ऋणमुखी बजेट प्रणालीप्रति समेत प्रश्न उठाए। पुरानो ऋण तिर्न नयाँ ऋण लिने प्रवृत्ति दीर्घकालीन रूपमा अर्थतन्त्रका लागि जोखिमपूर्ण हुन सक्ने उनको भनाइ थियो।

उनका अनुसार बजेटमा केही सकारात्मक पक्ष भए पनि समग्र रूपमा हेर्दा यसले नागरिकको अपेक्षा सम्बोधन गर्न सकेको छैन। बजेटको आकारभन्दा त्यसको कार्यान्वयन र प्रतिफल महत्वपूर्ण हुने भन्दै उनले सरकारले प्रस्तुत गरेको कार्यक्रम व्यवहारमा कत्तिको सफल हुन्छ भन्ने विषय नै मुख्य परीक्षा हुने बताए।

## दीपक भट्ट...

यसैगरी धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत ८१ जनाविरुद्ध अर्को मुद्दा पनि जिल्ला अदालतमा दायर गरिएको छ।

सम्पत्ति शुद्धीकरण विभागले भट्ट र अग्रवालविरुद्ध विशेष अदालतमा छुट्टै मुद्दा दायर गरेको छ भने बैंकिङ कसुरसम्बन्धी अर्को मुद्दा उच्च अदालत पाटनमा दायर गरिएको छ। उक्त बैंकिङ कसुरमा करिब ४२ करोड रुपैयाँभन्दा बढी बिगो कायम गरिएको छ।


## मटिअर्वा ...

ऐनअनुसार भन्सार छल्ने, गलत विवरण दिने, वा भन्सार प्रक्रिया बिना मालसामान ओसारपसार गर्ने कार्यलाई राजस्व चुहावटको अपराध मानिन्छ। दोषी ठहरिएमा जरिवाना, जफत तथा कैद सजाय हुने व्यवस्था रहेको छ।


बारामा तस्करी मौलाईरहदा उता वुधवार राति नै रौतहटको बंकुल क्षेत्रमा प्रहरीले गोली प्रहार गरी ९० लाख बराबरको ठुलो परिमाणमा फर्सीको बीउ बरामद गरेको छ।घटनासँग तुलना गर्दै स्थानीयले बाराको सीमावर्ती क्षेत्रमा भने समान प्रकृतिको सामान सहजै भारततर्फ गएको भन्दै सुरक्षा र निगरानी प्रणालीमाथि प्रश्न उठाएका छन्। साथै मटिअर्वा नाकादेखि कलैया बजारसम्म घुमुवा प्रहरीमार्फत असुली हुने तथा स्कटिङ प्रणालीमार्फत अवैध कारोबारलाई सहज बनाइने गरेको आरोपसमेत सार्वजनिक भएको छ। प्रहरी प्रशासनले भने सीमा क्षेत्रमा नियमित गस्ती, चेकिङ र निगरानी कडाइका साथ भइरहेको दाबी गरेको छ। अवैध सामग्री फेला परे नियन्त्रणमा लिने कार्य भइरहेको जनाए पनि स्थानीयले उठाएका प्रश्नका बीच घटनाको निष्पक्ष छानबिन गरी राजस्व चुहावट, तस्करी सञ्जाल तथा सम्भावित मिलेमतोमा संलग्न सबै पक्षमाथि कडा कारबाही गर्न माग गरेका छन्।

## चेतावनी ...


स्थान' १० देखि ३० प्रतिशत, 'केही स्थान' ३० देखि ५० प्रतिशत, 'धेरै स्थान' ५० देखि ८० प्रतिशत र 'अधिकांश स्थान' ८० प्रतिशतभन्दा बढी भू-भागमा वर्षा हुने अवस्थालाई जनाइन्छ। मौसम प्रणाली केही दिन सक्रिय रहने सम्भावना रहेकाले विशेषगरी तराई-मधेस क्षेत्रमा बसोबास गर्ने नागरिकलाई मेघगर्जन, चट्याङ तथा सम्भावित भारी वर्षाबाट सतर्क रहन मौसम विभागले आग्रह गरेको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


कलैया उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।


महागढीमाई नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका द्वारा जनहितमा जारी सन्देश ।

# "बेलुनजस्तै फुकाइएको बजेट कार्यान्वयन हुँदैन" – सांसद अमरेश सिंह



***काठमाडौं, जेठ २८ –*** प्रतिनिधिसभामा आगामी आर्थिक वर्षको बजेटमाथि छलफल भइरहेका बेला राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डा. अमरेशकुमार सिंहले सरकारले ल्याएको बजेटप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन्। उनले बजेटलाई "फुकाइएको बेलुन" को संज्ञा दिँदै यसको आकार ठूलो भए पनि प्रभावकारिता र कार्यान्वयन क्षमतामाथि गम्भीर प्रश्न उठाए।

बिहीबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद सिंहले बजेटको मूल उद्देश्य आम नागरिकलाई राहत दिनु भए पनि प्रस्तुत बजेट त्यस दिशामा केन्द्रित हुन नसकेको दाबी गरे। उनले सरकारसँग प्रतिप्रश्न गर्दै भने, "यो बजेटबाट वास्तवमा कति प्रतिशत नेपाली नागरिक खुशी भएका छन् ?"

सिंहले शिक्षा र स्वास्थ्य क्षेत्रमा कर लगाउने निर्णयको विशेष आलोचना गरे। संविधानले शिक्षा र स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा सुनिश्चित गरेको अवस्थामा यस्ता क्षेत्रमा कर लगाइनु संविधानको भावना विपरीत भएको उनको तर्क थियो। निजी विद्यालय र अस्पतालमाथि लगाइने करको भार अन्ततः सर्वसाधारण नागरिकमाथि नै पर्ने उनले बताए।

उनले मुलुकको आर्थिक अवस्थाप्रति पनि चिन्ता व्यक्त गर्दै निजी क्षेत्र लगानी विस्तारभन्दा पनि त्रासको वातावरणमा रहेको बताए। व्यवसायीहरू ऋण लिनसमेत हिच्किचाइरहेको उल्लेख गर्दै उनले अर्थतन्त्रलाई चलायमान बनाउने स्पष्ट योजना बजेटमा नदेखिएको टिप्पणी गरे।

कृषि क्षेत्रबारे बोल्दै सांसद सिंहले किसानका उत्पादनले उचित मूल्य नपाउने तर उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने विडम्बना कायमै रहेको बताए। कृषि बजार व्यवस्थापन, उत्पादन संरक्षण र किसानलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम बजेटमा पर्याप्त रूपमा समेटिन नसकेको उनको भनाइ थियो।

बाँकी तेस्रो पृष्ठमा

# भेटेरिनरी अस्पताल भवन ठेक्कामा अनियमितता आरोप : कार्यालय प्रमुखसहित ५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, जेठ २८ – सप्तरीस्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको भवन निर्माण ठेक्का प्रक्रियामा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यालय प्रमुखसहित पाँच जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।




अख्तियारका अनुसार भवन निर्माण ठेक्का प्रक्रियामा मिलेमतो गरी नक्कली सूचना प्रकाशन गरिएको तथा सार्वजनिक खरिद प्रक्रियालाई प्रभावित बनाइएको आरोपमा उक्त मुद्दा दायर गरिएको हो।

मुद्दाका प्रतिवादीहरूमा केन्द्रका तत्कालीन कार्यालय प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत डा. प्रभात झा, इन्जिनियर अशोककुमार सिंह, सहायक सब-इन्जिनियर प्रमोदकुमार सिंह, निर्माण व्यवसायी कम्पनी राधाकृष्ण निर्माण सेवा तथा कम्पनीका प्रबन्धक कौशल्याकुमारी

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार प्रतिवादीहरूले सार्वजनिक खरिदसम्बन्धी कानुनी व्यवस्था विपरीत कार्य गरी राज्यलाई आर्थिक क्षति पुऱ्याएको निष्कर्षसहित विशेष अदालतमा अभियोगपत्र दर्ता गरिएको हो।

आयोगले सबै प्रतिवादीसँग समान रूपमा जनही १ करोड २६ लाख ९६ हजार २३८ रुपैयाँ ७१ पैसा बिगो असुल गर्न मागदाबी गरेको छ। साथै भ्रष्टाचार निवारण ऐनअनुसार कैद र जरिवानासमेत छ।

पछिल्ला वर्षहरूमा सार्वजनिक निर्माण तथा खरिद प्रक्रियामा हुने मिलेमतो, नक्कली कागजात र प्रतिस्पर्धा सीमित गर्ने गतिविधिविरुद्ध अख्तियारले अनुसन्धान र कारबाहीलाई तीव्र बनाउँदै आएको छ। सप्तरीको यस घटनालाई पनि सार्वजनिक खरिद प्रणालीमा पारदर्शिता र जवाफदेहिता कायम गर्ने अभियानको एक महत्वपूर्ण कारबाहीका रूपमा हेरिएको छ।

# दीपक भट्ट, सुलभ अग्रवाल, शेखर गोल्छा लगायतविरुद्ध मुद्दा दायर

***काठमाडौं, जेठ २८ –*** सम्पत्ति शुद्धीकरण विभाग र केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानको दायरामा रहेका व्यवसायी तथा अन्य व्यक्तिहरूविरुद्ध विभिन्न अदालतमा छुट्टाछुट्टै अभियोगपत्र दायर गरिएको छ।




जिल्ला अदालत काठमाडौंमा दिपक भट्ट, सुलभ अग्रवाल, शेखर गोल्छालगायत ४२ जनाविरुद्ध बीमा ऐन, २०७९ अन्तर्गत आर्थिक हिनामिना सम्बन्धी मुद्दा दायर गरिएको छ। सोही प्रकरणमा नेपाल बीमा प्राधिकरणका तत्कालीन अध्यक्ष शरद ओझा र मदन दाहालसमेत प्रतिवादी छन्।

अभियोगपत्रअनुसार विभिन्न समूहगत कारोबारमा ठूलो परिमाणमा बिगो कायम गरिएको छ। हिमालयन रिइन्स्योरेन्ससँग सम्बन्धित मुद्दामा करिब २ अर्ब ७३ करोड रुपैयाँभन्दा बढी, नेपाल माइक्रो इन्स्योरेन्ससम्बन्धी प्रकरणमा १६ करोडभन्दा बढी तथा भृकुटी ब्रोकिङसम्बन्धी प्रकरणमा करिब ३ अर्ब ७३ करोड रुपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ। भट्टसँग मात्र २ अर्ब ८९ करोड रुपैयाँभन्दा बढी बिगो कायम गरिएको छ।

बाँकी तेस्रो पृष्ठमा

# नयाँ निजामती ऐनको तयारी : ५५ वर्ष वा ३० वर्ष सेवा पुगे अनिवार्य अवकाश, हजारौं कर्मचारी प्रभावित हुने

काठमाडौं, जेठ २८ – सरकारले तयारी गरिरहेको नयाँ निजामती सेवा ऐन लागू भएमा निजामती प्रशासनमा ठूलो फेरबदल आउने देखिएको छ। प्रस्तावित व्यवस्थाअनुसार ५५ वर्ष उमेर पूरा गरेका वा ३० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाश दिइने व्यवस्था गरिने भएपछि हजारौं कर्मचारी प्रत्यक्ष प्रभावित हुने भएका छन्।




सरकारी स्रोतका अनुसार संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धी नयाँ विधेयकमा हाल कायम व्यवस्थाभन्दा कडा अवकाश मापदण्ड प्रस्ताव गरिएको छ। प्रस्ताव अनुसार कर्मचारीको उमेर ५५ वर्ष पुगेपछि वा ३० वर्ष सेवा अवधि पूरा भएपछि जुन अवस्था पहिले आउँछ, सोही आधारमा अवकाश दिन सकिने व्यवस्था राखिएको छ। यदि यो व्यवस्था संसद्बाट पारित वा अध्यादेशमार्फत लागू गरियो भने प्रारम्भिक चरणमै पाँच हजारभन्दा बढी निजामती कर्मचारी सेवाबाट बाहिरिने अनुमान गरिएको छ। राष्ट्रिय किताबखाना (निजामती) को तथ्यांकअनुसार हाल ५५ वर्ष उमेर नाघेका तथा ३० वर्षभन्दा बढी सेवा अवधि पूरा गरेका कर्मचारीहरूको संख्या उल्लेखनीय रहेको छ। नयाँ व्यवस्थाले पेन्सन प्रणालीमा समेत परिवर्तन ल्याउने प्रस्ताव गरिएको छ। स्रोतका अनुसार अब ३० वर्षभन्दा बढी सेवा गरे पनि पेन्सन गणना अधिकतम ३० वर्षकै आधारमा हुने व्यवस्था गर्न लागिएको छ। यसले लामो समय सेवा गरेका कर्मचारीहरूको सुविधा कटौती हुन सक्ने देखिएको छ।

प्रस्तावित व्यवस्थाको प्रभाव उच्च प्रशासनिक तहदेखि तल्लो तहसम्म पर्ने देखिन्छ। मुख्यसचिवदेखि सचिव, सहसचिव, उपसचिव, शाखा अधिकृत तथा राजपत्रअनंकित कर्मचारीहरू समेत प्रत्यक्ष प्रभावित हुनेछन्। विशेषगरी नायब सुब्बा, खरिदारलगायतका कर्मचारीहरूको संख्या बढी भएकाले उनीहरूमध्ये ठूलो समूह अवकाशमा जाने सम्भावना रहेको बताइन्छ। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा विधेयकमाथि छलफल जारी रहेको जनाइएको छ। सम्बन्धित मन्त्रालयहरूले आन्तरिक परामर्शलाई तीव्रता दिएका छन् भने सरकारले छिट्टै अन्तिम रूप दिने तयारी गरिरहेको स्रोतहरूको दाबी छ। संसद्को प्रक्रिया लामो हुन सक्ने भएकाले अध्यादेशमार्फत ऐन लागू गर्ने विकल्पबारे पनि छलफल भइरहेको बताइए पनि यसको आधिकारिक पुष्टि भने भएको छैन।

रोचक पक्ष के छ भने यसअघि तयार पारिएको प्रारम्भिक मस्यौदामा अवकाश उमेर ६० वर्ष पुऱ्याउने प्रस्ताव गरिएको थियो। त्यसबेला ५५ वर्ष वा ३० वर्षे सेवा अवधिको व्यवस्था समावेश गरिएको थिएन। अहिले भने सो व्यवस्थालाई परिवर्तन गर्दै कम उमेरमै अवकाश दिने प्रस्ताव अघि सारिएको छ। प्रस्तावित ऐन कार्यान्वयनमा आएमा यसले निजामती प्रशासनको संरचना, जनशक्ति व्यवस्थापन तथा राज्यको पेन्सन दायित्वमा दीर्घकालीन प्रभाव पार्ने देखिन्छ। तर कर्मचारी संगठनहरूबाट भने यस विषयमा तीव्र प्रतिक्रिया आउने संकेत देखिएको छ।


जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा–बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।